**सुरक्षण सम्बन्धी आचार संहिता**

यस संस्था लागि **राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल** का गतिविधिहरू सञ्चालन गर्दा यस संस्थाको बालबालिका तथा जोखिम अवस्थामा परेका वयस्कलाभग्राहीहरुको संरक्षण नीतिलाई कदर गर्दै देहायमा उल्लेख भएबमोजिमको आचार संहिता पालन गर्न म (व्यक्तिको नाम) ....गोरख सार्की....................मन्जुर गर्दछु।

क) मैले संस्थाको नीति नियम, मूल्यमान्यता र सिद्धान्तहरू बमोजिम व्यक्तिगत तथा पेशागत रुपमा उच्चतम रुपमा कार्य गर्ने छु।

ख) कार्यक्रमका सहभागीहरुसंग छलफल गर्दा,उनिहरुसंग कामगर्दा सम्भावित दुर्व्यवहारलाई ध्यानमा राख्ने छु।

ग) कार्यक्रमका सहभागीहरुलाई सधै दुर्व्यहारका बिरुद्धमा आवाज उठाउन उनिहरुले गर्न पर्ने प्रक्रियाहरुको जानकारी दिदै उजुरी गर्न प्रोत्साहीत गर्नेछु।

घ) म पुन प्रतिबद्धता व्यक्त गर्न चाहान्छु कि कार्यक्रमका सहभागीहरुको सामाजिक मूल्यमान्यतालाई आदर गर्दै उमेर तथा लैंगिक बिबिधतालाई समेत ध्यानदिदै वहाहरुको आवाज सुन्ने छु, आदर गर्ने छु र सम्मानपूर्वक व्यवहार गर्नेछु।

ङ) कुनै पनि कार्यक्रम तथा परियोजनामा सहभागीहरुले के कस्ता खालका सहभागिता जनाउनु पर्ने भन्ने सम्बन्धमा जानकारी गराउनका लागि प्रतिवद्धछु।

च) संस्थागत संस्कृति, नीतिनियमलाई परिस्कृत गर्न तत्परहुने छु र कुनै पनि खालका दुर्व्यबहारलाई प्रशय नदिई यसको पूर्ण जिम्मेवारी बहन गर्दै आवश्यक प्रणालीको बिकासमा प्रतिबद्ध हुनेछु।

छ) कामगर्ने स्थान र क्रियाकलापहरुमा जोखिम कम गर्न व्यवस्थित हुने र योजनावद्ध रुपमा कार्य गर्नेछु।

ज) कर्मचारी तथा संस्थाका सम्बन्धीत पदाधिकारीहरु लाई दुर्व्यवहार सम्बन्धी तथा यस नीतिको बेवास्ता गरेको सम्बन्धमा उजुरी गर्न सरल बनाउन र उजुरी गर्ने व्यक्ति लाइ सहयोग गर्न सजिलो बनाउन रिपोर्ट गर्ने वा उजुर गर्ने प्रकिया लागू गर्न ततपर हुनेछु।

झ) दुर्व्यवहारको विषयमा गरिएको कुनै पनि उजुरीलाई गहन रुपमा लिने, र यसरी उजुरी गर्ने व्यक्तिलाई सघाउने र छानविनमा सघाउनेछु।

ञ) कार्यक्रममा सहभागी भएका दुर्व्यबहार मा पर्न सक्ने व्यक्तिहरुको संरक्षण सुनिश्चित गर्ने र दुर्व्यबहारबाट बचेकाहरुको आवश्यकता र चाहनाहरुलाई गहन रुपमा लिने छु।

**मैले यी क्रियाकलापहरु कहिल्यै गर्ने छैन :**

१.कार्यक्रमका सहभागिहरुलाई कुटपिट गर्ने र शारिरीक दुर्व्यबहार गर्ने काम कहिल्यै गर्दिन।

२. कार्यक्रमका सहभागीहरुसंग शारिरीक सम्बन्ध वा यौन सम्पर्क राख्ने काम कहिल्यै गर्दिन।

३. १८ वर्ष मुनीका बालबालिकासंग यौन सम्पर्क गर्न हुँदैन र त्यो म कहिल्यै गर्दिन। बालबालिकाले स्वीकृति नै दिएमा पनि त्यो मान्य हुँदैन भन्ने जानकारी छ।

४. पैसा, रोजगार, सामान तथा सेवाको प्रलोभनमा यौन सम्पर्क गने काम कहिल्यै गर्दिन।

५. बालबालिका तथा जोखिम अवस्थामा रहेका वयस्कलाभग्राहीहरुलाई नकारात्मक असर पार्ने खालका अनुपयुक्त, सताउने खालको दुर्व्यवहारपूर्ण, यौनिक रूपमा उत्तेजनापूर्ण, अपमानजनक अथवा सांस्कृतिक रूपमा अनुपयुक्त भाषाको प्रयोग अथवा व्यवहार कहिल्यै गर्दिन।

६. यौन उत्तेजीत हुने खालका हावभाव देखाउने कार्य कहिल्यै गर्दिन।

७. कार्यक्रमका सहभागीहरुसंग शोषण हुन सक्ने संभावना हुने गरी अनावश्यक सम्बन्धको बिकास गर्ने काम कहिल्यै गर्दिन।

८. कार्यक्रमका सहभागीहरुलाई जोखिममा पार्ने काम कहिल्यै गर्दिन।

९. कार्यक्रमका सहभागीहरुसंग धेरैबेर एक्लै बिताउने जस्ता काम कहिल्यै गर्दिन।

१०.कार्यक्रका सहभागीलाई आफूसंग घरमा ल्याउने काम कहिल्यै गर्दिन। अरु व्यक्तिहरु नभएको अवस्थामा खास गरी राती बास बस्ने गरी ल्याउने काम कहिल्यै गर्दिन।

११. कार्यक्रमका सहभागीहरुसंग एउटै कोठा तथा एउटै ओछ्यानमा संगै सुत्ने काम गर्न कहिल्यै गर्दिन।

१२. कार्यक्रमका सहभागीहरुले आफै गर्न सक्ने व्यक्तिगत प्रकारका काम मा अनावश्यक सहयोग गर्ने कामकहिल्यै गर्दिन।

१३. कार्यक्रमका सहभागीहरुको कानूनत गर्न नहुने काम, असुरक्षित काम, दुर्व्यवहार जस्ता कामका सम्बन्धमा आँखा चिम्लने काम कहिल्यै गर्दिन।

१४.कार्यक्रमका सहभागीहरुलाई लाज हुने, हीन भावना ल्याउने, चरित्रमा दाग लाग्ने खालका काम कहिल्यै गर्दिन।

१५. कार्यक्रमका सहभागीहरु सबैलाई भेदभाव नगरी, सबैलाई बराबर व्यवहार नगर्ने र कसैलाई काखा र कसैलाई पाखा गर्ने काम गर्न हुँदैन। यस्ता काम म कहिल्यै गर्दिन।

१६. आफूले पूरा गर्न नसक्ने बिषयमा कार्यक्रमका सहभागीहरुलाई म पुरा गर्छु भन्ने खालका कुनै प्रतिज्ञा गर्ने काम कहिल्यै गर्दिन।

१७. संस्थाको कम्प्यूटर र अन्य उपकरण हरुमा अस्लील सामग्रीहरु हेर्ने, डाउनलोड गर्ने, बनाउने वा बितरण गर्ने काम कहिल्यै गर्दिन।

नाम: गोरख सार्की

हस्ताक्षर: [signature]

मिति: २०७७।१२।१५ गते

राष्ट्रिय दलित नेटवर्क
Rastriya Dalit Network